## २५ औं भूकम्प सुरक्षा दिवसका जनचेतनामुलक सन्देश (PSAs)

**नाराः भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार**

### सार्वजनिक सन्देश १

**२५ औं भूकम्प सुरक्षा दिवस**को अवसरमा संघ, प्रदेश र स्थानीय तहहरु तथा जिल्ला र समुदाय स्तरमा आयोजना हुने भूकम्प सुरक्षा दिवसका बिभिन्न कार्यक्रमहरुमा सहभागी बनौं । भूकम्पीय सुरक्षाका लागि ऐक्यवद्धता व्यक्त गरौं ।

आउनुहोस् यस पटक पनि प्रण गरौं

भूकम्प सुरक्षित पूर्वाधार निर्माण गरौं

भूकम्पबाट जोगिने सबै उपाय अपनाऔं ।

**भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार**

**२५औं भूकम्प सुरक्षा दिवस मुल समारोह समिति**

### सार्वजनिक सन्देश २

यहि माघ २ गते काठमाण्डौको कमलपोखरी परिसरमा आयोजना हुने **२५ औं भूकम्प सुरक्षा दिवस मूल समारोह**को कार्यक्रममा सहभागी बनौं ।

साथै माघ २ र ३ गते  सोही स्थानमा आयोजना हुने भूकम्प सुरक्षा प्रदर्शनीको अवलोकन गरौं ।

**भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार**

**२५औं भूकम्प सुरक्षा दिवस मुल समारोह समिति**

### सार्वजनिक सन्देश ३

**२५औं भूकम्प सुरक्षा दिवस**को अवसरमा माघ २ गते दिउँसो २ बजेर २४ मिनेटमा सञ्चार माध्यममा एकसाथ बज्ने यो धुनसँगै (धुन बजाउने.....) १ मिनेट **भूकम्पीय सूरक्षाका लागि राष्ट्रिय अभ्यास**मा सहभागी बनौं ।

त्यसपछि २ मिनेटसम्म खुला ठाउँमा गएर २ हातको फरकमा उभिएर एक आपसमा हातेमालो गरौं ।

भूकम्पबाट बच्ने उपाय आफू पनि सिकौं, अरुलाई पनि सिकाऔं  ।

**भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार**

**२५औं भूकम्प सुरक्षा दिवस मुल समारोह समिति**

## Optional

### सार्वजनिक सन्देश ४

माघ २, भुकम्प सुरक्षा दिवस ।

१९९० सालको भूकम्प र विगतका भूकम्प सम्झने दिन ।

विगतका भूकम्पमा परेर जीवन गुमाउनुहुने प्रति श्रद्धा अर्पण गर्ने,

भुकम्पीय सुरक्षा अभिवृद्धिका लागि सामुहिक प्रण गर्ने, तथा

भुकम्पीय क्षति कम गर्ने उपायहरुबारे छलफल र चिन्तन गर्ने दिन ।

त्यसैले,

आउनुहोस् यस पटक पनि प्रण गरौं

भूकम्प सुरक्षित पूर्वाधार निर्माण गरौं

भूकम्पबाट जोगिने सबै उपाय अपनाऔं ।

**भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार**

**२५औं भूकम्प सुरक्षा दिवस मुल समारोह समिति**